बंगुर, मौरी पालन, कुखुरा, लगायत अन्य पशुपन्छी पालनमा सहयोग गरी महिला स्वरोजगार सृजना गरिनेछ ।

- बिभिन्न कृषि सहकारी मार्फत किसानहरुलाई मलखाद उपलब्ध गराउन पहल गरिनेछ।
- मुक्त कमैला शिविरमा निःशुल्क बिउ बिजन र कृषि सामग्री उपलब्ध गराइने छ ।
- वडा नं १,२, ३ र वडा नं ७, ८ ,९ मा सबै जनतालाई पाएक पर्ने गरि दुई स्थानमा कृषि सेवा केन्द्र स्थापना गरी कृषि प्राविधिकको व्यवस्था समेत गरिनेछ ।
- तरकारी खेतीमा आवद्ध कृषकहरुको उत्थान बजारीकरणका लागि कृष्णपुर बाहिर पनि स्टलको व्यवस्था गरिनेछ साथै कृषि जन्य बस्तुको प्रवर्धनका लागि कृषि मेला प्रदर्शनी गर्ने कार्य गरिनेछ ।
- किसानलाई बर्गिकरण गर्दै उत्पादनमा प्रोत्साहन गरिने नीति अबलम्बन गरिनेछ ।
- भूमिगत जलश्रोत कार्यालयको समन्वयमा नगरका ९ वटै वडामा सिचाईका लागि डिप तथा स्यालो ट्युवेल उपलब्ध गरईनेछ ।
- जैविक मल उत्पादन तथा बजारीकरणमा अनुदान उपलब्ध गराइनेछ ।
- व्यवसायिक गाई फर्म, भैसी फर्म, बंगुर फर्म, बाखा फर्म, कुखुरा फर्म, मौरी फर्म, माछापालनको विकास र विस्तारका लागि सहभागितामा आधारित अनुदान दिने नीतिलाई प्राथमिकता दिइनेछ ।
- **मेयर कृषी कार्यक्रम** अन्तर्गत व्यावसायिक किसान बनाउन कृषिमा आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकरण गर्न आवश्यक कृषी सामग्रीहरुमा अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- उन्नत जातका बिउ बिजनमा अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृष्णपुर नगरपालिका वडा नं ७, ८ र ९ लाई विशेष पशुपालन पाकेट क्षेत्र बनाई उन्नत जातका पशुपालनमा सहुलियत दिइनेछ ।
- किसानलाई कृषी तथा पशु बिमा गर्न प्रोत्साहित गरिनेछ ।
- कृष्णपुर नगरपालिकाको वडा नं १ र ४ को घाडीघाँच क्षेत्र र वडा नं २ को बाणी शिविर र खल्ला गोठ क्षेत्रमा बिशेष मौरी पाकेट क्षेत्रको रुपमा बिस्तार गरिनेछ ।
- बगर खेति गर्ने किसानलाई प्रोत्साहित गरिनेछ ।
- किसानलाई कृषी सम्बन्धिका प्राविधिक ज्ञान, सिप दिन तालिम दिने कार्यलाई निरन्तरता दिइनेछ ।
- मासुजन्य पसल सुधारका लागि अनुदान दिने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- कृषि सहकारी मार्फत किसानहरुलाई विशेष सुविधा उपलब्ध गराईनेछ ।
- कृषीमा आधारित उधोगहरुलाई कर छुट गर्ने निती अबलम्बन गरिनेछ ।

- व्यावसायिक डेरी प्रवर्द्धन लाई प्रोत्साहन गरि अनुदान दिने कार्यलाई प्राथमिकता दिईनेछ ।
- माछा पालना गर्ने कृषकलाई प्रोत्साहित गरिनेछ ।
- सामुहिक खेतीमा आवद्ध किसानहरुलाई कृषि मिटरको शुल्कमा अनुदान दिईनेछ ।
- कृषिलाई थप उत्पादन र व्यावसायिक बनाउन सामुदायिक बन संग साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ । सामुदायिक बन संग साझेदारीमा कागती, बेल लगायतका अन्य औधोगिक कच्चा पदार्थलाई ठुलो परिणाममा उत्पादन गर्ने नीति लिईएको छ । यस कार्यका लागि निजि क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ ।
- पशुजन्य खाद्य पदार्थको गुणस्तरीय उत्पादन विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिंदै बिषयगत, प्रशोधन, शाखा र सेवा केन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला स्थापना गरिनेछ ।

**(ख) खानेपानी तथा सरसफाई**

- नगरपालिका हरेक घर धुरीमा स्वच्छ खानी पानीको व्यवस्था मिलाईनेछ ।
- खानेपानीको स्रोत संरक्षणका लागि ताल/पोखरी बचाउ अभियान संचालन गरिनेछ ।
- नगरबासीलाई शुद्ध खानेपानीको व्यवस्था मिलाउन नगर क्षेत्रमा निर्माण भएका र भईरहेका खानेपानी ओभरहेड टंकीलाई व्यवस्थित रुपले परिचालन गर्नुका साथै नभएका स्थानहरुमा विस्तारको कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको बजार क्षेत्रमा ढल व्यवस्थापन योजना प्रभावकारी रुपमा लागु गरिने छ ।
- पूर्ण सरसफाई युक्त नगर घोषणा गरिने छ, त्यसका लागि टोल स्तरीय सरसफाईलाई प्रभावकारी बनाई नगर तथा वडा स्तरमा अनुगमन गरिने छ । खानेपानी तथा सरसफाई समिति गठन गरि त्यसलाई बढी उत्तरदायी बनाईने छ ।
- फोहरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई प्रभावकारी रुपमा फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र (Dumping Site) को निर्माणका लागि सम्भाव्यता अध्ययन गरि निर्माण कार्य शुरु गरिनेछ । कृष्णपुर नगरपालिकाले शुल्काफाँटा नगरपालिका, कंचनपुर र गोदावरी नगरपालिका, कैलाली संग साझेदारीमा फोहरमहिला व्यवस्थापनको पहल गरिनेछ ।
- नगरपालिकाको मुख्य बजार क्षेत्र र वडाका मुख्य चोकहरुमा सार्वजनिक शौचालय निर्माण र शुद्ध खानेपानी व्यवस्था गरि सर्वशुलभ ढंगले संचालन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

- नगरको वातावरणीय सरसफाई र स्वच्छता कायम गर्न बजार क्षेत्रमा कन्टेनरको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- फोहरमैला व्यवस्थापन सहित मल उत्पादन तथा बायो ग्यास उत्पादन परियोजनामा निर्माणमा आवश्यक पहल गरिनेछ ।
- प्राकृतिक खोला, नाला, कुलो सरसफाई गरी पानीको निरन्तर निकासमा जोड दिईनेछ ।

**(ग) युवा तथा खेलकुद**

- एक वडा एक खेलकुद मैदान बनाउने कार्य यसै आर्थिक बर्ष बाट सुरुवात गरिनेछ ।
- युवाहरुलाई श्रमको महत्व दर्साउन, श्रम प्रति सम्मान बढाउन नगरपालिकाले यसै आ.व. बाट युवा र श्रम नामक बिशेष कार्यक्रम संचालनमा ल्याउने छ ।
- लागु पदार्थ दुर्व्यसनमा फसेका युवाहरुलाई समाजमा पुनर्स्थापना गराउनका लागि निकट भविष्यमा सुबिधा सम्पन्न सुधार गृह स्थापना गरिनेछ एवं उनीहरुको क्षमता अभिबृद्धिका लागि बिभिन्न शिपमुलक तालिमहरु निःशुल्क स्थापना गरिनेछ ।
- युवा लक्षित open Gym house को स्थापना आवस्यक अन्य स्थानमा समेत गरिनेछ ।
- युवा स्वरोजगारलाई प्रोत्साहिन गरिनेछ ।
- नगरमा खेल प्रशिक्षक नियुक्त गर्ने व्यवस्था गरिनेछ ।
- कृष्णपुर नगरपालिका भित्र रंगशाला निर्माणको कार्यमा जोड दिईनेछ ।
- मेयर कप फुटवल र मेयर कप क्रिकेट प्रतियोगितालाई आयोजना गरिने छ ।
- कृष्णपुर नगरपालिकामा स्थाई बसोबास गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान गरिनेछ ।
- मादक पदार्थ, धुम्रपान, लागु औषध जस्ता दुर्व्यसनबाट बचाउन विद्यालय, क्याम्पस, गैर सरकारी संस्था र क्लबहरु संग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**(घ) सामाजिक सुरक्षा**

- **"शिप पहिला सक्षम महिला"** भन्ने नारालाई सार्थक बनाउन महिलाहरुको शिप विकास र सशक्तिकरणमा बिशेष जोड दिईनेछ । महिलाहरुका निमित्त बिभिन्न किसिमका शिप मुलक तालिम संचालन गरिनेछ ।
- **कृषि कार्यमा संलग्न महिलाहरुलाई** बिशेष सुविधा प्रदान गरिनेछ ।
- **"हाम्रो परम्परा हाम्रो संस्कृति : सरक्षण र प्रवर्धन हाम्रो साझा जिम्मेवारी",** रानाथारु, डगौरा थारुमा व्यापक रहेको पधना, भलमंसा प्रथालाई जीवन्त राख्न कृष्णपुर नगरपालिकाबाट आ.व. २०७९/८० मा भलमन्सा ऐन पारीत गरिएको छ साथै

- सार्वजनिक शिक्षाको शैक्षिक गुणस्तर सुधारमा जोड दिइने छ । विद्यालय, शिक्षक, विद्यार्थी संख्याको अनुपातमा विद्यालयको भौतिक संरचनामा सुधारको कार्यलाई निरन्तरता दिईनेछ ।
- विधार्थीहरुलाई प्रारम्भिक स्कुल जाने नया ECD (बाल बिकाश केन्द्र) सम्म आकर्सित गर्न विशेष योजना लागु गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- प्रारम्भिक बाल विकास केन्द्रहरुलाई मोन्टेश्वरी पद्धतिमा लगिनेछ ।
- नीजी विद्यालयहरुले समयमा शिक्षामा पुराएको योगदानलाई आत्मसात गर्दै सस्थागत विद्यालयहरु संग सहयोग आदान प्रदान गरिनेछ साथै संस्थागत बिद्यालयलाई नगरको सम्पूर्ण शिक्षा सम्बन्धी जानकारी यथा सम्भव प्रदान गरिनेछ ।
- सामुदायिक विद्यालयका प्र.अ. एवं शिक्षकहरु संग शैक्षिक सुधारका निमित्त पटक पटक अन्तरक्रिया गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न बिभिन्न किसिमका अनुदान प्रदान गरिनेछ ।
- नगर भित्र रहेका बिभिन्न जातिको कला, साहित्य, संस्कृति, र भेषभूसा संरक्षणका लागि बिधालय तहहरु बाटै बिधार्थीहरुलाई उक्त कार्यमा हौसला प्रदान गरिनेछ ।
- नगरपालिका भित्र संचालित विद्यालयहरुमा प्राविधिक बिषय अध्ययन गर्दा कृष्णपुर नगरबासीका लागि १०% आरक्षणको व्यवस्था गरिनेछ ।
- गुणस्तरीय शिक्षाका लागि नगर भित्र रहेका बिद्यालयहरुको कार्य सम्पादन एवं गुणस्तर मापन गर्ने संयन्त्र बनाई उत्कृष्ट विद्यालयलाई पुरुस्कारको व्यवस्था गरिनेछ ।
- वडा तहमा रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुबाट सार्वजनिक विद्यालयहरुका विधार्थीहरुको नियमित स्वास्थ्य जाँच गरिनेछ ।
- प्रत्येक सार्वजनिक विद्यालयमा प्रविधिको प्रयोग बढाउदै लगिनेछ ।
- विश्व बजारको आवस्यकता अनुसार प्राविधिक शिक्षा, अल्पकालीन र दीर्घकालीन तालिम प्रदान गरिने छ ।
- विद्यालयमा कार्यरत  शिक्षक कर्मचारीहरुका लागि बिशेष स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकहरुको क्षमता विकासका लागि तालिम संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थीको क्षमता विकास गर्न प्रतिस्पर्धाको माध्यमबाट अतिरिक्त क्रियाकलाप अन्तर्गत बिद्यालय स्तरीय, अन्तर बिद्यालय स्तरीय, नगरस्तरीय कार्यक्रमहरु  संचालन गरिनेछन ।

## आ.व. २०७८/७९ को आय-व्यय विवरण

आ.व. २०७८/७९ मा यस नगरपालिकाको आन्तरिक स्रोत तर्फको राजश्व जेष्ठ मसान्तसम्म रु. ३,०६,८४,८७७.९६ (तिन करोड छ लाख चौरासी लाख आठ सय सतहत्तर दशमलब छयानब्बे) संकलन भएको छ |

आ.व. २०७९/०८० को  जेष्ठ मसान्तसम्म व्यय तर्फको सशर्त अनुदान तर्फ रु. २०,७१,५२,२८५.७० (बिस करोड एकहत्तर लाख बाउन्न हजार दुई सय पचासी दसमलब सतरी), सामाजिक सुरक्षा तर्फ रु. १७,३६,०८,६१९ (सत्र करोड छत्तिस लाख आठ हजार छ सय उन्नाईस मात्र), वित्तीय  समानिकरण संघीयतर्फ  रु. ५,६८,९९,५०९/- (पाँच करोड अडसट्टी लाख उनान्सय लाख पाँच सय नौ मात्र) वित्तीय समानिकरण प्रदेश  तर्फ  रु. ६४,७२,८१२ (चौसट्टी लाख बहत्तर हजार आठ सय बार मात्र ) राजस्व बाडफाड संघीय तर्फ रु. ६,१६,१६,८६६.०२ (छ करोड सोह्र लाख सोह्र हजार आठ सय छयासत्ठी सय छ रुपया दुई पैसा) राजस्व बाडफाड प्रदेश तर्फ रु १६,२४,९९२ (सोह्र लाख चौबिस हजार नौ सय बयानब्बे हजार मात्र), प्रकोप व्यवस्थापन कोष तर्फ रु. २३,४८,१९२ (त्याइस लाख अड्चालिस हजार एक सय बयानब्बे मात्र), गरि जम्मा रु. ५०,९७,२३,२७५.७२ (पचास करोड सन्तानब्बे लाख त्याइस हजार दुइ सय पचहत्तर रुपया बहत्तर पैसाs) हालसम्म खर्च भईसकेको व्यहोरा निवेदन गर्दछु |

नेपालको संविधान २०७२ अनुरुप स्थानीय तहलाई प्राप्त हुने राजश्व जस्तै वन रोयल्टी लगायतबाट प्राप्त हुने रोयल्टीका विषयमा प्रदेश सरकार एवम् संघीय सरकारबाट प्राप्त गर्ने विषयमा नगरपालिकाले पहल गरिरहेको व्यहोरा निवेदन गर्दछु |

## आगामी आ.व. २०८०/८१ को अनुमानित आय-व्यय विवरण

आगामी आ.व. २०८०/८१ को अनुमानित आय-व्यय विवरण बजेट पेश गर्न चाहन्छु ।

आयतर्फ,

- आन्तरिक श्रोत तर्फ  रु. ६,४८,००,०००| (छ करोड अड्चालिस लाख मात्र),
- वित्तीय  समानिकरण  संघीयतर्फ  रु. १४,९६,००,००० (चौध करोड छयानब्बे लाख)
- वित्तीय समानिकरण प्रदेश  तर्फ  रु. १,३५,१६,०००|(एक करोड पैतिस लाख सोह्र हजार)
- राजस्व बाडफाड संघीय तर्फ रु. १४,२६,०६,०००| (चौद्ध करोड छबिस लाख छ हजार)
- राजस्व बाडफाड प्रदेश तर्फ रु. ३९,७८,०००/- (उन्चालिस लाख अठहत्तर हजार)
- सामाजिक सुरक्षा तर्फ रु. २५,००,००,०००/-(पचिस  करोड)
- सशर्त अनुदान संघीय सरकार  तर्फ रु. २७,२२,००,००० (सत्ताईस करोड बाईस लाख)
- गरि जम्मा  आम्दानी  तर्फ रु. ८९,६७,००,०००/- (उनानब्बे करोड सडसट्टी लाख मात्र) प्रस्ताब गरिएको छ |

व्यय तर्फ, रु. ८९,६७,००,०००/- (उनानब्बे करोड सडसट्टी लाख मात्र) खर्च प्रस्ताव गरिएको छ।

धन्यवाद !!s